आज मिति २०७९ साल माघ महिनाको ९ गते सोमबार का दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा यस बेसीशहर नगरपालिकाको विभिन्न विषयमा नगर कार्यपालिकाको "चौथो" बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो।

## उपस्थिति :-

| | | | | |
|---|---|---|---|---|
| | १, | प्रमुख | श्री | गुमान सिंह अर्याल |
| | २, | उप-प्रमुख | श्री | पद्मा गुरुङ |
| | ३, | प्र. प्र. अधिकृत | श्री | इमनाथ कुइँल |
| | ४, | वडा अध्यक्ष वडा नं (१) | श्री | दुर्गा बहादुर बुढाथोकी |
| | ५, | — " — (२) | श्री | मदन बहादुर राना |
| | ६, | — " — (३) | श्री | चिक बहादुर दनाई |
| | ७, | — " — (४) | श्री | गम बहादुर गुरुङ |
| | ८, | — " — (५) | श्री | इन्द्र बहादुर गुरुङ |
| | ९, | — " — (६) | श्री | प्रकाश थापा |
| | १०, | — " — (७) | श्री | कृषिराम बस्नेत |
| | ११, | — " — (८) | श्री | पवित्रा थापा राना |
| | १२, | — " — (९) | श्री | खुशि जङ गुरुङ |
| | १३, | — " — (१०) | श्री | गंगा बहादुर थापा |
| | १४, | — " — (११) | श्री | शिव प्रसाद जोशी |
| | १५, | कार्यपालिका सदस्य | श्री | हिरालाल विश्वकर्मा |
| | १६, | — " — | श्री | श्रीनाथ दुलाल |
| | १७, | — " — | श्री | कल्पना थापा बोहरा |
| | १८, | — " — | श्री | विमला न्यौपाने अधिकारी |
| अनुपस्थित | १९, | — " — | श्री | सुक माया गुरुङ |
| अनुपस्थित | २०, | — " — | श्री | सुक माया क्षेत्री |
| | २१, | — " — | श्री | मानिता परियार |

## सहजकर्ता कर्मचारी

| | | | | |
|---|---|---|---|---|
| | २२, | कार्यक्रम अधिकृत | श्री | महेन्द्र पोखरेल |
| | २३, | अधिकृत | श्री | गोबिन्द बहादुर राउत |

गुमान सिंह अर्याल
नगर प्रमुख

## बेसीशहर नगर कार्यपालिकाको कार्यालय
### लमजुङ, गण्डकी प्रदेश, नेपाल

***नगर कार्यपालिकाको मिति २०७९ माघ ९ गतेको बैठकका प्रस्तावहरु***

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।
२. आय अनुमान संशोधन सम्बन्धमा । (नगरसभामा पेश गर्ने)
३. आन्तरिक श्रोततर्फको (अ.ल्या.) बजेटबाट योजना तथा कार्यक्रम छनौट सम्बन्धमा ।
४. अ.ल्या अन्तर्गत वडाबाट माग गरिएका आयोजनाहरुको सम्बन्धमा ।
५. कानून (ऐन, नियम, कार्यविधि, निर्देशिका) नगरसभामा पेश गर्ने सम्बन्धमा ।
६. लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा (आ.व. २०७७।७८को अन्तिम लेखा परीक्षण प्रतिवेदन)
७. कार्यपालिका बैठकबाट भएका योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।
८. योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा । (नगरसभामा पेश गर्ने)
९. विविध

- जनताको आवाज मेयरको जवाफ कार्यक्रम अन्तर्गत सार्वजनिक सुनुवाई सम्बन्धमा ।
- ग्रामीण सामुदायिक विकास केन्द्रसंगको सम्झौता सम्बन्धमा ।
- वडा सदस्यको अनुपस्थिति सम्बन्धमा ।
- योजना सिफारिश सम्बन्धमा ।
- योजना सम्झौता तालिम सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं. १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

मिति २०७९ पुस २९ गते सम्पन्न नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाबारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं. २ : आय अनुमान संशोधन सम्बन्धमा ।**

मिति २०७९ असार २४ गते सम्पन्न नगरसभाको एघारौं अधिवेशनबाट स्वीकृत भएको बेसीशहर नगरपालिकाको आ.व. २०७९।८० को आय अनुमानलाई देहाय वमोजिम संशोधन गरी स्वीकृतिका लागि मिति २०७९।१०।१३ को नगरसभाको बाह्रौं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

देहाय

| क्र.सं. | विवरण/ शिर्षक | आ.व. २०७९।८० को आय अनुमान (रकम रु. हजारमा) | |
|---|---|---|---|
| | | नगरसभाको एघारौं अधिवेशनबाट स्वीकृत | नगरसभाको बाह्रौं अधिवेशनमा संशोधित प्रस्ताव |
| १ | संघीय समानीकरण अनुदान | १५०६०० | १५०६०० |
| २ | प्रदेश समानीकरण अनुदान | १८०५० | १८०५० |
| ३ | संघीय राजश्व बाँडफाँड | १२०६३८ | १२०६३८ |
| ४ | प्रदेश राजश्व बाँडफाँड | १४४३४ | १४४३४ |
| ५ | आन्तरिक आय/स्थानीय राजश्व/ अ.ल्या | १०५६८१ | १५१०५८ |
| ६ | संघीय शसर्त अनुदान | २९०९०० | ३०३७५४ |
| ८ | प्रदेश शसर्त अनुदान | ० | ० |

| | | | |
|---|---|---|---|
| ९ | संघीय समपुरक अनुदान | १५००० | १५००० |
| १० | संघीय विशेष अनुदान | २५००० | २५००० |
| ११ | प्रदेश विशेष अनुदान | ५००० | ५००० |
| १२ | प्रदेश समपुरक अनुदान | १०००० | १०००० |
| १३ | अन्य विविध | २०००० | २०००० |
| | जम्मा | ७७५३०३ | ८३३५३४ |

**निर्णय नं. ३ : आन्तरिक श्रोततर्फको (थप अ.ल्या.) बजेटबाट योजना तथा कार्यक्रम छनौट सम्बन्धमा ।**
गत नगरसभाको एघारौं अधिवेशनबाट अ.ल्या. बजेट रु. ५ करोड अनुमान गरी विभिन्न योजना तथा कार्यक्रममा बाँडफाँड गरिएकोमा आर्थिक बर्षको अन्तमा अ.ल्या. रकम रु ९ करोड ५३ लाख ७७ हजार देखिन आएको हुँदा थप अ.ल्या. रकम रु.४ करोड ५३ लाख ७७ हजार देहाय अनुसार बाँडफाँड गरी नगरसभाको बाह्रौं अधिवेशनबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**देहाय**

| क सं | योजना/कार्यक्रम | विनियोजित रकम रु हजारमा | कैफियत |
|---|---|---|---|
| १ | ११ वटै वडामा अति आवश्यकीय योजना | ५५०० | |
| २ | सडक कालोपत्रे लागत साझेदारी (थप गर्ने) ६०/४० | ५००० | |
| ३ | पुरानोकोट गढी शान्तिस्तुपा सहितको भ्यूटावर भुक्तानी | ५००० | शोधभर्ना लिने |
| ४ | बेसीशहर(युनिभर्सलचोक) चण्डीस्थान सडक भुक्तानी | ५००० | शोधभर्नाको लागि पहल गर्ने |
| ५ | नयाँ जेसिवी खरिद | ५००० | |
| ६ | फुटकर योजना तथा कार्यक्रम पूँजीगत | ४९७७ | |
| ७ | पुमाखोला आर सि सी ट्रस पुल बेनपा ७ (बन्थोक र मैगुम) | ७०० | |
| ८ | उदिपुर रिठ्ठेबगरको सडकमा जग्गाको मुआब्जा | २०० | |
| ९ | सामुदायिक भवन लागत साझेदारी ५०/५० थप | ३५०० | |
| १० | प्राकृतिक श्रोत उपयोग करको लागि प्रारम्भिक वातावरणीय परीक्षण कार्य | ५०० | |
| ११ | उदिपुर कालिका, सहजी बसपार्क र दनाइँफाँट बसपार्कको विस्तृत परियोजना प्रतिवेदन तयार | १५०० | अघिल्लो बैठकको निर्णयमा १० लाखको सट्टा कायम गरिएको |
| १२ | फुटकर कार्यक्रम चालु ( क्षेत्रगत योजना निर्माण, क्षमता विकास, वालमैत्री, वातावरणमैत्री कार्यक्रम आदि समेत) | २००० | |
| १३ | सञ्चालन खर्च चालु (पारिश्रमिक) | ४५०० | |
| १४ | हाते ट्याक्टर खदिर थप रकम | २००० | |
| | जम्मा | ४५३७७ | |

**निर्णय नं. ४ : अ.ल्या अन्तर्गत वडाबाट माग गरिएका आयोजनाहरुको सम्बन्धमा ।**
थप अ.ल्या बजेट रु ४ करोड ५३ लाख ७७ हजारमध्येबाट प्रत्येक वडालाई रु ५ लाख बराबरको आयोजना छनौट गरि कार्यपालिकामा पेश गर्ने भन्ने व्यहोराको गत कार्यपालिका बैठकको निर्णय वमोजिम वडाबाट प्राप्त देहायका आयोजनाहरु स्वीकृत गरी यथाशिघ्र कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**देहाय**

१.वडा कार्यालयको छतमा ट्रस निर्माण, बेनपा १-
२.हिलेखोला आरसिसी ट्रस पुल निर्माण, बेनपा २- ५ लाख
३.धुँवाखोला आरसिसी ट्रस पुल निर्माण, बेनपा ३ (बाहुनबेसी र मगरपाल्ले जोड्ने)- ५ लाख
४.डाँडागाउँ गढी सडक स्तरोन्नति, बेनपा ४- ५ लाख
५.एन्काचो खानेपानी ट्याङ्की निर्माण, बेनपा ५ ५ लाख
६.१ काफलस्वाँरा-मकैडाँडा- वडा कार्यालय सडक स्तरोन्नति, बेनपा ६ ५ लाख
६.२ डि देखि कृषि सडकसम्म जोड्ने मोटरबाटो निर्माण, बेनपा ६ ४ लाख
७.सहजी खेलमैदान हुँदै नारायण सुयेलको घरतर्फ जाने बाटो स्तरोन्नति, बेनपा ७ १ लाख
९.१ गैरीस्वाँरा काफबोटे भित्री सडक निर्माण, बेनपा ९ ५ लाख
९.२.दिहीथोक राजुको घरसम्मको सिंढी निर्माण बेनपा ९ (प्रम रोजगार साझेदारी) ४ लाख ५० हजार
१०.मर्स्याङ्दी कृषि समुह भवन स्तरोन्नति, बेनपा १० ५० हजार
११.१कोल्डाँडा राममन्दिर सत्तल निर्माण, बेनपा ११ ५ लाख
११.२ आनन्देश्वर शिवमन्दिर गेट र रेलिङ निर्माण, बेनपा ११ २ लाख
११.३ कटि नरले हुँदै बाइकाट कुलो मर्मत, बेनपा ११ २ लाख
**कुल जम्मा** १ लाख
**५० लाख**

**निर्णय नं. ५ : कानून (ऐन, नियम, कार्यविधि, निर्देशिका) नगरसभामा पेश गर्ने सम्बन्धमा ।**

नगरपालिकालाई आवश्यक परेका कानूनहरुको मस्यौदा तयार गरी नगरसभामा पेश गर्न विधायन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६ : लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।**

आ.व.२०७७।७८ को अन्तिम लेखा परीक्षण प्रतिवेदनको सम्बन्धमा यस बैठकमा छलफल भयो साथै उक्त प्रतिवेदन जानकारी र छलफलका लागि नगरसभाको बाह्रौं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : कार्यपालिका बैठकबाट भएका योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।**

नगरसभाको एघारौं अधिवेशनबाट छनौट भएका आयोजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा हालसम्मको कार्यपालिकाको बैठकबाट भएका संशोधनहरु नगरसभाको बाह्रौं अधिवेशन समक्ष अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ : योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।**

चालु आ.व. २०७९।८० का देहायका नगरस्तरीय तथा वडास्तरीय योजना तथा कार्यक्रम देहाय वमोजिम संशोधन/रकमान्तर गर्ने निर्णय गरियो ।

देहाय

| **साविक आयोजना तथा कार्यक्रम** | **विनियोजित बजेट** | **संशोधित आयोजना तथा कार्यक्रम** | **विनियोजित बजेट** |
|---|---|---|---|
| १. चिसापानी कोलडाँडादेखि लाकुरीस्वाँरा मोटरबाटो, बेनपा २ (नगरस्तरीय) | ३००००० | १.चिसापानी लाकुरीस्वाँरा मोटरबाटो निरन्तर, बेनपा २ | ३००००० |
| २.नरुवल सुनारगाउँ भंगेरस्थान | १००००० | २.नरुवल पाखाथोक दलितबस्ती गोरेटोबाटो | १००००० |

| साविक आयोजना तथा कार्यक्रम | विनियोजित बजेट | संशोधित आयोजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| गोरेटोबाटो बेनपा २ | | सुधार, बेनपा २ | |
| ३.युवा तथा खेलकुँद, बेनपा ११ | ४००००० | ३.१, समाजसेवा युवा क्लव, बेनपा ११<br>३.२ चिती युवा क्लव, बेनपा ११<br>३.३ बाल विकास मावि खेलकुँद बेनपा ११<br>३.४ जनकल्याण मावि खेलकुँद, बेनपा ११<br>३.५ लोकराज मावि खेलकुँद, बेनपा ११ | ५००००<br>१२५०००<br>२५०००<br>२५०००<br>२५००० |
| ४.तिलाहार हे.पो. सडक नाला तथा ग्राभेल बेनपा ११ | १००००० | ४.१ तिवारीडाँडा खा.पा. ट्याङ्की मर्मत, बेनपा ११<br>४.२ कुलचौर हुँदै खाल्टेस्वाँरा सम्मको गो.वा. मर्मत, बेनपा ११ | ५००००<br>५०००० |

**निर्णय नं. ९ : जनताको आवाज मेयरको जवाफ कार्यक्रम अन्तर्गत सार्वजनिक सुनुवाई सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुबाट भएका समग्र सेवा प्रवाह र काम कारबाहीको सम्बन्धमा २०७९ फागुनको पहिलो हप्ता जनताको आवाज मेयरको जवाफ कार्यक्रम अन्तर्गत सार्वजनिक सुनुवाई बेसीशहर ७ वा ८ मा आयोजना गर्ने कार्यको लागि सुशासन तथा सामाजिक जवाफदेहिता र संस्थागत सुदृढीकरण कार्यक्रम शिर्षकमध्येबाट रु १ लाख विनियोजन गर्ने र तेश्रो पक्षलाई कार्यक्रम आयोजनाको जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १० : ग्रामीण सामुदायिक विकास केन्द्रसंगको सम्झौता सम्बन्धमा ।**

सि आर एस नेपालको प्राविधिक सहयोगमा ग्रामीण सामुदायिक विकास केन्द्र (RCDC) मार्फत सञ्चालन हुने आवास कार्यक्रमहरुको मूल्यांकन, उत्थानशील आवास रणनीतिक कार्ययोजना निर्माण तथा उत्थानशील आवास निर्माण कार्यमा नगरपालिकाको क्षमता विकास सम्बन्धी कार्यको लागि बेसीशहर नगरपालिका र ग्रामीण सामुदायिक विकास केन्द्र विच सम्झौता गरी कार्यक्रम अघि बढाउन सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ : वडा सदस्यको अनुपस्थिति सम्बन्धमा ।**

३ नं वडा कार्यालयको च.नं ६७७ मिति २०७९।१०।०४ को पत्र समेतका आधारमा वडा नं ३ बाट प्रतिनिधित्व गर्ने नगरसभा सदस्य श्री हिरा कुमारी मजाकोटी २०७९ मंसिर महिनादेखि वडामा हुने कुनै पनि बैठकमा उपस्थित नभएको तथा विदेश जानु भएको जानकारी प्राप्त भएको हुँदा नीजले पाउनु पर्ने मासिक सेवासुविधा २०७९ माघ महिनाबाट रोक्का राख्ने निर्णय गरियो ।

**निर्णय नं. १२ : योजना सिफारिश सम्बन्धमा ।**

नगरसभाको बाह्रौं अधिवेशनबाट नेपाल सरकार तथा प्रदेश सरकार समक्ष सिफारिश गर्ने योजनाहरु तयार गरी नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/१०/०९ को बैठक

**निर्णय नं. १३ : योजना सम्झौता तालिम सम्बन्धमा ।**

वडाध्यक्ष, वडा कार्यालयका कर्मचारी र नगरपालिका विच योजना सम्झौता, कार्यान्वयन, अनुगमन र फरफारक सम्बन्धी तालिम यही माघ २१ गते आयोजना गर्ने साथै यस कार्यको व्यवस्थापनको लागि योजना शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख